17TH of Jan 2026

आकाशवाणी

मुख्य समाचारहरुबाट

- प्रधानमन्त्रीले गर्नुभये पहिलो वन्दे भारत स्लीपर रेल सेवालाई माल्दाबाट झण्डा देखाएर शुभारम्भ
- प्रधानमन्त्री विश्वकर्मा हाट–2026 भोलिदेखि नयाँ दिल्लीमा सुरु
- प्रधानमन्त्री मोदीद्वारा पश्चिम बंगाल सरकारमाथि तीव्र आलोचना
- भारतलाई आत्मनिर्भर बनाउने यात्रामा उत्तराखण्डको भूमिका महत्वपूर्ण : उपराष्ट्रपति
- जापानका विदेश मन्त्रीद्वारा दिल्ली मेट्रो यात्रा, राजघाटमा गान्धीलाई गर्नुभयो श्रद्धाञ्जली अर्पण

-------------

## प्रधानमन्त्रीले भारतको पहिलो वन्दे भारत स्लीपर रेल सेवालाई माल्दाबाट झण्डा देखाएर शुभारम्भ

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगाल र पूर्वोत्तर भारतबीचको सम्पर्क सुदृढ गर्दै विकासलाई गति दिन 3 हजार 250 करोड रुपैयाँभन्दा बढी लागतका विभिन्न रेल तथा आधारभूत सडक परियोजनाहरूको शुभारम्भ गर्नुभएको छ।

पश्चिम बंगालको माल्दामा आयोजित जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भारतको पहिलो वन्दे भारत स्लीपर रेल सेवालाई माल्दाबाट झण्डा देखाएर शुभारम्भ गर्न पाउँदा खुशी व्यक्त गर्नुभयो। उहाँले सम्पर्क विस्तारलाई प्राथमिकतामा राख्दै आगामी दिनमा थप अमृत भारत रेल सेवाहरू सञ्चालन गरिने जानकारी पनि दिनुभयो। byteee

प्रधानमन्त्री मोदीले भन्नुभयो कि यो देशकै पहिलो वन्दे भारत स्लीपर रेल सेवा हो, जसले माँ कालीको भूमि पश्चिम बंगाललाई माँ कामाख्याको भूमि असमसँग जोड्दछ। उहाँका अनुसार, यस किसिमको अत्याधुनिक रेल सेवा आगामी वर्षहरूमा देशका अन्य भागहरूमा पनि विस्तार गरिनेछ।

पूर्ण रूपमा वातानुकूलित यस वन्दे भारत स्लीपर रेलले यात्रुहरूलाई किफायती भाडामा हवाई यात्राजस्तै सुविधा र अनुभव प्रदान गर्नेछ। यसले लामो दूरीको यात्रा अझ छिटो, सुरक्षित र आरामदायी बनाउने विश्वास लिइएको छ। 16 वटा अत्याधुनिक डिब्बा रहेको यस रेलको कुल यात्रु क्षमता 823 जना रहेको छ।

हाम्रो संवाददाताका अनुसार, यो रेल सेवा सामान्य यात्रु, विद्यार्थी, पेशेवर, प्रवासी श्रमिक, व्यापारी तथा तीर्थयात्रीहरूका लागि विशेष रूपमा लाभदायक हुनेछ।

यसै क्रममा रेलमा यात्रा गरिरहेका यात्रु तथा विद्यार्थीहरूसँग गरिएको कुराकानीमा उनीहरूले देशको पहिलो वन्दे भारत स्लीपर रेलमा यात्रा गर्न पाउनु गौरव र सौभाग्यको विषय भएको प्रतिक्रिया व्यक्त गरेका छन्।

## प्रधानमन्त्री विश्वकर्मा हाट–2026 भोलिदेखि नयाँ दिल्लीमा सुरु

प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत कारीगर तथा शिल्पकारहरूलाई समर्पित प्रदर्शनी ‘प्रधानमन्त्री विश्वकर्मा हाट–2026’ भोलिदेखि नयाँ दिल्लीस्थित दिल्ली

हाटमा सुरु हुँदैछ। यस प्रदर्शनीको उद्घाटन सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्री जीतन राम मांझीले गर्नुहुनेछ।

यस प्रदर्शनीको मुख्य उद्देश्य देशको समृद्ध परम्परागत शिल्पकला र हस्तकला विरासतको संरक्षण, प्रवर्द्धन तथा प्रदर्शन गर्नु हो। यसले कारीगरहरूलाई आफ्ना हस्तनिर्मित उत्पादनहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खरिदकर्ताहरू, विभिन्न सरोकारवालाहरू र आम जनसमुदायसमक्ष प्रदर्शन तथा बिक्री गर्ने महत्वपूर्ण मञ्च प्रदान गर्नेछ।

मन्त्रालयका अनुसार, देशभरका सबै राज्य तथा केन्द्र शासित प्रदेशबाट 117 भन्दा बढी कारीगरहरू यस कार्यक्रममा सहभागी हुनेछन्। साथै, विदेशी दूतावासका प्रतिनिधिहरूलाई पनि प्रदर्शनी अवलोकनका लागि आमन्त्रित गरिएको छ।

प्रधानमन्त्री विश्वकर्मा हाट–2026 प्रदर्शनी 31 जनवरीसम्म प्रत्येक दिन बिहान 10.30 बजेदेखि राति 10 बजेसम्म सर्वसाधारणका लागि खुला रहनेछ।

## प्रधानमन्त्री मोदीद्वारा पश्चिम बंगाल सरकारमाथि तीव्र आलोचना

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालको तृणमूल कांग्रेस सरकारमाथि तीव्र प्रहार गर्दै त्यसलाई निर्दयी सरकारको संज्ञा दिनुभएको छ।

प्रधानमन्त्रीले अवैध घुसपैठलाई राज्यको सबैभन्दा गम्भीर चुनौतीको रूपमा उल्लेख गर्दै यसले क्षेत्रीय जनसांख्यिक संरचना र स्थानीय भाषाहरूमा नकारात्मक प्रभाव पारिरहेको बताउनुभयो। उहाँले विश्वका धेरै समृद्ध मुलुकहरूले अवैध

आप्रवासीलाई देश निकाला गरिरहेका बेला तृणमूल कांग्रेस सरकार भने राजनीतिक स्वार्थका कारण यस्तो कदम चाल्न असफल भएको आरोप लगाउनुभयो। प्रधानमन्त्री मोदीका अनुसार अवैध घुसपैठका कारण राज्यका युवाहरूका लागि रोजगारीका अवसरहरू घट्दै गएका छन्। साथै, उहाँले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीमाथि आयुष्मान भारत, प्रधानमन्त्री सूर्य घर निःशुल्क बिजुली योजना तथा जल जीवन मिशनजस्ता केन्द्रीय योजनाहरू कार्यान्वयनमा अवरोध सिर्जना गरेको आरोप पनि लगाउनुभयो। byteee

महालेखा परीक्षक (CAG) को हालैको प्रतिवेदन उद्धृत गर्दै प्रधानमन्त्रीले बाढी राहतका लागि छुट्याइएको रकम तृणमूल कांग्रेसका नेताहरूले दुरुपयोग गरेको आरोप लगाउनुभयो। भारतीय जनता पार्टीको ट्र्याक रेकर्डसँग तुलना गर्दै उहाँले 2014 यता जुट खेतीका लागि न्यूनतम समर्थन मूल्य र केन्द्रिय अनुदानमा उल्लेखनीय वृद्धि भएको उल्लेख गर्नुभयो।

प्रधानमन्त्रीले आगामी दिनमा माल्दाको आम र रेशम उद्योगको लक्षित विकास गरिने प्रतिवद्धता पनि व्यक्त गर्नुभयो।

## भारतलाई आत्मनिर्भर बनाउने यात्रामा उत्तराखण्डको भूमिका महत्वपूर्ण : उपराष्ट्रपति

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले भारतलाई आत्मनिर्भर तथा विकसित राष्ट्र बनाउने दिशामा आगामी दुई दशक अत्यन्तै महत्वपूर्ण हुने बताउनुभएको छ। उहाँले यस यात्रामा उत्तराखण्डको विशेष भूमिका रहने विश्वास व्यक्त गर्नुभयो। नवीकरणीय ऊर्जा, जैविक खेती, आयुष, पर्यटन, स्टार्टअप तथा सीप विकासका क्षेत्रमा राज्यमा अपार सम्भावना रहेको उहाँले उल्लेख गर्नुभयो। साथै, मुख्यमन्त्री

पुष्कर सिंह धामीको नेतृत्वमा उत्तराखण्डले विकासका नयाँ उचाइ हासिल गर्ने विश्वास पनि व्यक्त गर्नुभयो।

उपराष्ट्रपति आज देहरादूनमा आयोजित एक निजी कार्यक्रममा सहभागी हुँदै मिडियाको भूमिकामाथि प्रकाश पार्नुभयो। उहाँले लोकतन्त्रको चौथो स्तम्भका रूपमा मिडियाको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताउँदै, मिडियालाई सकारात्मक तथा विकासोन्मुख पहलहरूलाई प्राथमिकता दिन आग्रह गर्नुभयो। यसले युवाहरूमा सकारात्मक सोच विकास हुने र राष्ट्र निर्माणको भावना सुदृढ हुने उहाँको भनाइ थियो।

## जापानका विदेश मन्त्रीद्वारा दिल्ली मेट्रो यात्रा,

जापानका विदेश मन्त्री तोशिमित्सु मोटेगीले आज दिल्ली मेट्रोमा यात्रा गर्नुभएको छ। यस अवसरमा भारतस्थित जापानका राजदूत ओनो केइची पनि उहाँसँगै उपस्थित हुनुहुन्थ्यो। दिल्ली मेट्रो रेल निगम (डीएमआरसी)का वरिष्ठ अधिकारीहरूले केन्द्रीय सचिवालय मेट्रो स्टेशनमा जापानी प्रतिनिधिमण्डललाई दिल्ली मेट्रो परियोजनासम्बन्धी विस्तृत जानकारी प्रदान गरेका थिए।

डीएमआरसीले सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा यात्राका क्रममा जापानी विदेश मन्त्री मोटेगीले दिल्ली मेट्रोको निर्माण र सञ्चालनका विभिन्न पक्षप्रति गहिरो चासो व्यक्त गरेको जनाएको छ। उल्लेखनीय छ कि जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका)ले दिल्ली मेट्रो परियोजनाको पहिलो चरणदेखि नै वित्तीय सहयोग प्रदान गर्दै आएको छ।

## हरित ऊर्जामा आन्ध्र प्रदेश अग्रसर : मुख्यमन्त्री चन्द्रबाबु नायडू

आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूले राज्यले आफ्ना हरित ऊर्जा लक्ष्यहरू प्रधानमन्त्री नरेन्द्र मोदीको 500 गीगावाट नवीकरणीय ऊर्जा दृष्टिकोणअनुसार निर्धारण गरेको बताउनुभएको छ।

उपमुख्यमन्त्री पवन कल्याणसँगै मुख्यमन्त्री नायडूले एएम ग्रीन हाइड्रोजन तथा ग्रीन अमोनिया परियोजनाको पहिलो ठूला उपकरण स्थापना समारोहमा सहभागिता जनाउनुभयो। यस अवसरमा उहाँले यो परियोजना विश्वकै सबैभन्दा ठूलो हरित हाइड्रोजन र हरित अमोनिया परियोजना भएको दाबी गर्नुभयो। मुख्यमन्त्री नायडूले आन्ध्र प्रदेशमा सौर्य, पवन, जल तथा पम्प स्टोरेज ऊर्जाका अपार सम्भावना रहेको उल्लेख गर्दै यी स्रोतहरूले राज्यलाई हरित ऊर्जा उत्पादनका लागि आदर्श बनाएको बताउनुभयो। उहाँका अनुसार, यस हरित संयन्त्रबाट हरित हाइड्रोजन, हरित अमोनिया, इथानोल तथा अन्य हरित अणुहरू उत्पादन गरिनेछ, जसले राज्यको दिगो विकास र स्वच्छ ऊर्जातर्फको यात्रालाई थप मजबुत

-------